मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

एक विद्यार्थीका लागि तीन शिक्षक

काठमाडौं, असोज १५। पर्वतको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीको अर्जिकोटमा शहीद शुक्र आधारभूत विद्यालय रहेको छ ।

कक्षा ५सम्म पढाइ हुने उक्त विद्यालयको तीन वटा भवनमा आठ वटा कक्षा कोठा छन् । तीन शिक्षकको दरबन्दी रहेको सो विद्यालयमा एक सहायक कर्मचारी समेत छन् तर विद्यार्थी भने एक जना मात्र छ ।

कक्षा १मा पढ्ने एक छात्राबाहेक विद्यार्थी नै छैनन् । तीन जना शिक्षकले दिनभर ती एउटी छात्रालाई रुघेर

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २८ ◆ अङ्क : ३१६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० असोज १६ गते मंगलबार (Tuesday, Oct. 3 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु. : ४/-

मोटरसाइकल चोर्ने दुई जना पक्राउ

झापा, असोज १५। झापाको भद्रपुर नगरपालिका-४ तारानगरबाट चोरीको मोटरसाइकलसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बाह्रदशी गाउँपालिका-२का ३५ वर्षीय जफिर आलम, भारतको बिहार किसनगञ्ज जिल्ला शकिनतोतुलगुडी रुईधासाका २९ वर्षीय मो.जुबेर रहेका छन् । उनीहरुले मे११प ४३०७ नम्बरको मोटरसाइकल चोरी गरी लाँदै गरेको अवस्थामा प्रहरी चौकी महेशपुर झापाबाट गस्तीमा खटिएको प्रहरी टोलीले शंका लागी उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

उक्त मोटरसाइकल बिर्तामोड नगरपालिका-४ मेघावारीबाट चोरी गरी ल्याएको खुल्न आएको छ । घटना सम्बन्धमा वडा प्रहरी कार्यालय भद्रपुरबाट थप आवश्यक अनुसन्धान भइरहेको छ ।

डुबेर बालिकाको मृत्यु

मोरङ, असोज १५। मोरङको बेलबारी नगरपालिका-२ स्थित भलुवा खोलामा डुबेर एक जना बालिकाको मृत्यु भएको छ ।

बेलबारी नगरपालिका-३ घर भई हाल मामासँग बस्दै आएकी ३ बर्षीया बालिका सानी तामाङ हराएको भनी प्रहरी चौकी बबियाबिर्तामा जानकारी प्राप्त हुनासाथ प्रहरीको टोली परिचालन भएको थियो । बालिकाको आफन्त समेतले बालिकाको खोजतलास गर्दै जाने क्रममा खोलामा डुबेर मृत अवस्थामा फेला पारेका थिए । घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय रंगेलीबाट कानूनी प्रक्रिया तथा थप अनुसन्धान भइरहेको छ ।

कामदार जापान पठाउन नक्कली कागजपत्रको धन्धा

१४ मेनपावर कम्पनी कारवाही

झापा, असोज १५। वैदेशिक रोजगारीको नाममा सर्वसाधारण ठगिने क्रम बढेपछि सरकारले ठगीमा संलग्नलाई कार्वाही गर्न अभियान थालेको छ ।

पछिल्लो समय नक्कली कागजात बनाई जापान पठाउने कार्य बढेसँगै सर्वसाधारण पीडित बनेका छन् । त्यस्तो कार्यमा संलग्न विभिन्न संस्था कार्वाहीमा परेका छन् । वैदेशिक रोजगारीका लागि नक्कली कागजपत्र बनाई जापान पठाइदिने १४ वटा संस्थालाई वैदेशिक रोजगार विभागले कारवाही गरेको हो ।

विभागको सोमवार बसेको बैठकले उजुरीको आधारमा ती संस्थालाई निलम्बन गरेको हो भने अन्य संस्थाहरुको अनुसन्धान गरिरहेको छ । यी संस्थाहरुले जापानिज भाषा र संस्कृति सम्बन्धी तालिमको शंकास्पद प्रमाण-पत्र पेश गरी श्रम स्वीकृति लिएर नेपाली कामदारलाई जापान पठाएको विभागमा उजुरी परेको थियो ।

विभागको प्रारम्भिक अनुसन्धानले सो कार्यमा संलग्न देखिएका एजेन्सीलाई निलम्बन गरी अनुसन्धान गर्ने भएको छ । निलम्बन पर्ने

संस्थाहरुमध्ये गुडविल लाइफ इन्टरनेशनल इन्प्लोईमेण्ट एजेन्सी, सत्यवती ओभरसिज, डिएन इन्टरनेशनल नेपाल ओभरसिज, रोयल ओभरसिज, जवस् ग्लोबल डट कम इम्पोईमेण्ट, लायन्स इन्टरनेशनल नेपाल, भण्डारी ओरभसिज, वल्ड फेवर ओभरसिज, एनएपी इन्टरनेशनल, मञ्जुश्री ओभरसिज, एएनएक एशोसियट, क्यापिटल इन्टरनेशल म्यानपावर, ग्यान्ड स्वीट जब र अक्सन इनटरनेशललाई निलम्बलन गरेको छ ।

हुण्डीको १० लाख बरामद

काठमाडौं, असोज १५। काठमाडौं महानगरपालिका-२७ ठमेलस्थित ज्याठाबाट प्रहरीले अवैध हुण्डीको १० लाख रुपैयाँ बरामद गरेको छ ।

स्रोत नखुलेको १० लाख रुपैयाँसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी कुमोध ढुंगेलले जानकारी दिए ।

पक्राउ पर्नेमा भारत घर भएका ४० वर्षीय रुपेशकुमार गुप्ता छन् । ब.९१ प ९९५८ नम्बरको स्कुटरमा ज्याठाबाट सञ्चयकोषतर्फ जाँदै गरेका उनले स्कुटरको डिकीमा लुकाएको अवस्थामा प्रहरीले नगद बरामद गरेको हो । उनीमाथि कारबाहीका लागि प्रहरीले राजश्व अनुसन्धान विभागमा पठाएको छ ।

उद्योग सचिवसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा, असोज १५। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उद्योग मन्त्रालयका सचिव मधुकुमार मरासिनी र नेपाल टेलिकमका प्रबन्ध निर्देशकसहित ९ जनाबिरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

नेशनल पेमेन्ट गेटवे प्रणालीमा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो । मुद्दा दायर गरिएकाहरुमा उद्योग सचिव मधुकुमार मरासिनी, नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेल, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्याय, पूर्वसचिव एवम् राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सञ्जय शर्मा रहेका छन् ।

यस्तै, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक तथा हालका उपनिर्देशक सफल श्रेष्ठ, केन्द्रका तत्कालीन सहायक निर्देशक रमेशप्रसाद पोखरेल, केन्द्रका तत्कालीन लेखा अधिकृत निमबहादुर वली र रामबहादुर बुढा तथा केन्द्रका कम्प्युटर इञ्जिनियर रामशरण गायकविरुद्ध मुद्दा दायर गरिएको छ ।

अख्तियारले आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागतमा पेमेन्ट गेटवे खरिद गरी २५ करोड रुपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको छ । अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन महाशाखा प्रमुख मधुकुमार मरासिनीले नीति तथा कार्यक्रममै नपरेको तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रले बजेट नै माग नगरेको नेशनल पेमेन्ट गेटवे खरिदका लागि २५ करोड बजेट निकासी गरिदिएको अख्तियारको जिकीर छ । अख्तियारले आरोपीहरुबाट २५ करोड बराबरकै बिगो पनि असुल उपर गर्न माग गरेको छ ।

कमलमा योजनाको समीक्षा

उमानाथ भण्डारी

कमल, असोज १५। झापाको कमल गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० मा सञ्चालित योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा गरेको छ ।

गाउँपालिकाको सभाहलमा सम्पन्न समीक्षा कार्यक्रममा वडागत रुपमा भए गरेका योजना तथा कार्यक्रमहरुको प्रगति वडा सचिवले र शाखागत रुपमा भएको प्रगतिको शाखा प्रमुखहरुले विवरण प्रस्तुत गरेका थिए ।

गाउँपालिकाले आर्थीक वर्ष २०७९/०८०मा अनुमानित आयतर्फ ८१ करोड ६६ लाख ३९ हजार ८ सय २५ रुपैयाँ अनुमान गरेकोमा ७० करोड ५१ लाख ६२ हजार ५१९ रुपैयाँ वास्तविक आय भएको र खर्चतर्फ ६२ करोड ३९ लाख ४० हजार ९१६ रुपैयाँ

खर्च भएको लेखा अधिकृत श्रृजना राईले जानकारी दिइन् ।

त्यस्तै चालू तथा पुँजीगत खर्चतर्फ चालू खर्चतर्फ ३६ करोड १४ लाख ३४ हजार ५ सय ७८ रुपैयाँ खर्च भएको थियो भने पुँजीगत खर्चतर्फ २६ करोड २५ लाख ०६ हजार ३ सय ३८ रुपैयाँ गरी जम्मा खर्च ६२ करोड ३९ लाख ४० हजार ९ सय १६ रुपैयाँ खर्च भएको जनाइएको छ ।

चालू खर्चतर्फ ८२ दशमलव ४० प्रतिशत पुँजीगत खर्चतर्फ ६९ दशमलव ४५ प्रतिशत गरी जम्मा ७६ दशमलव ४ प्रतिशत खर्च भएको अधिकृत राईले बताइन् । सोही अवसरमा अन्यत्रबाट सरुवा भई कमल गाउँपालिकामा आएका

(बाँकी अन्तिम पृष्ठमा)

यो दसैंमा घर आउने मन थियो...

'सुनको जलप
यो दसैंमा घर आउने मन थियो
पापी साहूले दिन्न तलब...'

वि.सं. २०६४ को दसैं ताका लोकगायक विष्णु खत्रीले ल्याएको गीत हो, यो । जुन गीत उबेला खुबै चर्चित बन्यो । धेरैले रुचाए पनि । खत्री त्यत्तिमा मात्र रोकिएनन् । त्यसयता सालिन्दा दसैंको छेकोमा उस्तै विषय र भावभूमिमा उनका गीत आउन थाले । कतिले त 'विष्णु खत्रीको गीत आएपछि बल्ल दसैं आउँछ' सम्म भन्न भ्याए ।

खत्रीको सोह्रौं दसैंगीत 'दसैं, तिहार गाउँमा' सोमवार सार्वजनिक भएको छ । उहिलेको दसैंमा साहुले तलब नदिएपछि घर आउन नपाएका परदेशी अहिलेको दसैं, तिहार भने गाउँमै मनाउने कुरा गर्दैछन् । सोह्र वर्षको अन्तरालमा पनि खत्रीको गीतको अन्य करिब उस्तै छ । खाली ऊबेला तलब नपाएर दसैंमा घरमा आउन नपाएको परदेशी अहिले घर फिर्दैछ, स्वजनसँग दसैं मनाउन ।

'हो पियारी आउँदैछु म गाउँमा
दसैं तिहार गाउँमा भैं रमाइलो,
हुन्न कुनै ठाउँमा...'

नेपालीजनले भोगिरहेको परदेश आउजाउको अन्तहीन श्रृङ्खला खत्रीका गीतमा पनि अभिव्यक्त हुने क्रम जारी नै छ । बरु परदेशिने प्रवृत्ति अरु बढ्दो छ । खत्रीले परदेशिएका नेपाली र तिनका आश्रित परिवारको कथामा दसैंगीत सिर्जना गर्दै आउनुभएको छ । खत्रीका गीतले चाडबाड आएको छनक पनि दिन्छन् ।

उनको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गीत 'दसैं, तिहार गाउँमा' त्यसकै सिलसिला हो । मार्मिक सिर्जना र ग्रामीण परिवेशको झझल्को खत्रीका गीतका विशेषता हुन् । गीतको म्युजिक भिडियो छायाँकनस्थलदेखि कलाकार छनोटसम्ममा त्यसको छनक पाइन्छ । गम्भीर मुद्दामा सरल र बोधगम्य प्रस्तुति दिन खत्री पारङ्गत छन् ।

हरेक सिर्जनामा नेपाली जनजीवन र सामाजिक यथार्थको चित्रण गर्ने इमान्दार प्रयास मबाट हुन्छ- खत्रीले भने- दसैंगीतले मलाई भिन्नै चिनारी दिएको छ, कतिपय स्रोताले त विष्णु खत्रीको गीत आएपछि बल्ल दसैं आउँछ भनेर रमाइलो ढङ्गले प्रेरित पनि गर्नुहुन्छ । दुई दशकदेखि लोकसङ्गीतमा सक्रिय उनका दसैं, तिहार, तीजजस्ता पर्वका मौकामा मौलिक गीत सार्वजनिक हुँदै आएका छन् । अघिपछि पनि उनी समाजका विविध मुद्दालाई गीतमा उठान गरिरहन्छन् ।

गत वर्षको दसैंमा खत्रीले 'उडी जाने जहाज' ल्याएका थिए । त्यसअघि उनका 'दसैं, तिहार सँगै मनाउँला', 'रिनै रिनको', 'दसैंमा आउ प्यारा', 'जहाजको टिकट', 'कति रुनी हो' लगायत गीत सार्वजनिक

(बाँकी अन्तिम पृष्ठमा)

मेची पुलबाट दुई जना पक्राउ

झापा, असोज १५। झापाको मेचीनगर नगरपालिका-६ मेची पुलबाट नियन्त्रित लागूऔषध खैरो हेरोइनसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले झापाको बुद्धशान्ति-४का ३६ वर्षीय सुरज थेवे र शिवसताक्षी-७का ४२ वर्षीय अमृत श्रेष्ठलाई चार ग्राम ५ सय मिलिग्राम लागूऔषध खैरो हेरोइनसहित ४ बजे पक्राउ गरेको हो ।

पक्राउ परेका दुवैजनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

नापतौलको डोर शुरू

अर्जुनधारा, असोज १५। घरदैलो कार्यक्रममार्फत नगरमा रहेका व्यापारी तथा व्यवसायीहरुलाई सेवा प्रदान गर्ने उद्देश्यले अर्जुनधारा उद्योग वाणिज्य संघको आयोजनामा सोमबारदेखि नापतौलको डोर शुरु भएको छ ।

तीन दिनसम्म सञ्चालन हुने उक्त कार्यक्रममा व्यापारी तथा व्यवसायीहरुले प्रयोग गर्ने गरेका नापतौल तथा नाप्ने तौलने यन्त्रहरुको जाँच, नवीकरण, अनुमति पत्र वितरण तथा अनुगमन गर्ने संघका अध्यक्ष इन्दिवर खड्काले जानकारी दिए ।

अर्जुनधारा-८स्थित शनिश्चरे बजार क्षेत्रबाट शुरु भएको कार्यक्रम अर्जुनधारा-३स्थित खुदुनाबारी, अर्जुनधारा-५स्थित लक्ष्मीपुर बजार र अर्जुनधारा-११स्थित बसपार्क क्षेत्रमा सञ्चालन हुने बताइएको छ ।

कार्यक्रममा गुणस्तर तथा नापतौल कार्यालय झापाका प्रमुख निरीक्षक सुनिलकुमार यादव, सिनियर मिस्त्रीद्वय अञ्जिता रेग्मी र हरेराम महतो, सहलेखापाल पर्शुराम बराल र कार्यालय सहायक पुना घिमिरेले सेवा प्रदान गर्ने छन् । कार्यक्रमको पहिलो दिन ५० जनाले सेवा लिएको बताइएको छ ।

कर्मचारीहरू १५ महिनादेखि तलबविहीन

सेलिङ केसी

झापा, असोज १५। झापाको रतुवामाई वृक्षरोपण आयोजना र सर्लाहीको सागरनाथ वन विकास परियोजनाका १८८ जना कर्मचारीले लामो समयदेखि तलब पाएका छैनन् ।

रतुवामाईका ४७ जना कर्मचारीले एक बर्षदेखि र सागरनाथका १४१ जना कर्मचारीले १५ महिनादेखि तलब नपाएका हुन् । एकातिर आर्थिक मन्दीले देशलाई आक्रान्त बनाइरहेको छ भने अर्कोतर्फ मासिक रुपमा प्राप्त हुने तलब भत्ता नपाउँदा आयोजनाका कर्मचारीहरुलाई दैनिक जीविकोपार्जनमै समस्या भएको छ ।

स्थायी, करार र दैनिक ज्यालादारी लगायतका गरी जम्मा एक सय ८८ जना कर्मचारीहरुले तलब भत्ता नपाउँदा उनीहरुको जीवनयापन सकस भएको हो । स्रोतका अनुसार लामो समय तलब नपाएकै कारण एक कर्मचारीले मानसिक रोगको शिकार भइ मृत्युवरण गरेका छन् । उनले तलब भत्ता नपाएपछि वन तथा वातावरण मन्त्रालय, काठमाडौंमा १० दिनसम्म धर्ना बसेर आन्दोलन



रतुवामाई र सागरनाथ वन परियोजना

समेत गरेका थिए । आन्दोलनमा संलग्न दैनिक ज्यालादारी कर्मचारीका अध्यक्ष सन्तोष साहले भने- हामीले १४ महिनासम्म काम गरेको तलब भत्ता नपाएपछि हाम्रो पारिवारिक जीवनमा सकस भयो र हामी बाध्य भएर आन्दोलनमा जानुपऱ्यो । १० दिनसम्म आन्दोलन गरेपछि सम्बन्धित निकायसँग वार्ता भयो, वार्तामा भदौ २० गतेसम्ममा सबै कर्मचारीलाई तलब भत्ता उपलब्ध गराउने सम्झौता भएको थियो । तर सम्झौताको मिति नाघेर एक महिना बढी भइसक्दा पनि हामीले तलब भत्ता प्राप्त गर्न सकेका छैनौं- उनले भने ।

यति लामो समयसम्म कर्मचारीहरुले तलब प्राप्त नगर्नुको कारण के हो ? भन्ने जिज्ञासामा रतुवामाई वृक्षरोपण आयोजनाका फरेस्टर राजेन्द्र थारु भन्छन्- कटान गरेको काठ बिक्री नभएको कारणले कुनै पनि कर्मचारीले तलब भत्ता प्राप्त गर्न नसकेको हो । उनले भने- नेपाल सरकारले काठ बिक्री वितरणमा नयाँ फर्मुला लागू गरेको कारण काठ किन्दा क्रेतालाई ठूलो घाटा हुने देखिएकाले वन पैदावर बिक्री वितरण हुन नसकेको हो । सरकारको अदूरदर्शी निर्णयले एक सय ८८ जना कर्मचारीहरुको जीवन अहिलेसम्म पनि अन्यौलमा छ । पुरानो फर्मुलालाई क्वाटर गर्थ फर्मुला भनिन्छ । जुन गोलाइ x गोलाइ/२३०५ को फर्मुलामा वन पैदावर बिक्री वितरण हुने गर्दथ्यो । त्यो फर्मुला अनुसार क्रेताले मूल्य बराबरको वन पैदावर प्राप्त गर्दथे । तर, नयाँ फर्मुला हुबर अनुसार गोलाइ x गोलाइ x लम्बाइ / १८०८.६४ रहेको छ । यस फर्मुला अनुसार काठ खरिद गर्दा पुरानो फर्मुलाभन्दा क्रेताको भागमा काठको मात्रा बढी देखिन्छ । काठको मात्रा बढी हुँदा मूल्य समेत बढ्ने तर काठको मात्रा सोही अनुपातमा नबढ्ने भएका कारण क्रेताले

(बाँकी अन्तिम पृष्ठमा)

यो ...

भएका थिए । पहिलो दसैँगीत 'सुनको जलप'मा खत्रीलाई गायिका बिमाकुमारी दुराले साथ दिएकी थिइन् । अहिलेको गीतमा गायक खत्री र गायिका कमला पोखरेलको स्वर छ ।

प्राय: सबै गीतमा शब्द र सङ्गीत पनि गायक खत्रीकै रहेको छ । दसैँलक्षित मेरो पहिलो गीत सुनको जलपले खुबै चर्चा बटुल्यो, धेरैले रुचाउनुभयो- खत्रीले भने- त्यसयताका प्राय: सबै गीत चर्चामा रहे, आजै युट्युबमा सार्वजनिक भएको गीतलाई लिएर पनि स्रोता/ दर्शकले राम्रो प्रतिक्रिया दिनुभएको छ, उत्साहित नै छु । सोह्र वर्षदेखि लगातार दसैँलक्षित गीत सार्वजनिक गरेका खत्री दसैँगीतका पर्यायका रुपमा चिनिन थालेका छन् । परदेसिएका नेपालीको भोगाइ र उनीहरुको मनोदशा उनका सिर्जनामा अभिव्यक्त हुने गरेको छ । खत्रीले तीन वर्षअघि ल्याएको दसैँगीत 'रिनै रिनको'मा पनि त्यसको सजीव प्रस्तुति पाइन्छ ।

'आकाशबाट बाकसमा नआए
ढोका खोल भन्नेछु म आए...' (पुरुष)
'घरै धराप छ पहिरो खसेर
बाली खायो सलह पसेर...' (महिला)

गीतमा बेठेगान परदेशी जिन्दगीको कुरा छ । प्रियजन पखेंर बसेका परिवारको दु:ख र पीडा मुखरित भएको छ । घरमा दसैँ कसरी मान्ने चिन्ता छ । परदेशीले खर्च पठाउनसक्ने स्थिति छैन । परदेशी हुनुको विवशता गीतमा छर्चाल्किएको छ ।

'के दसैँ मान्छ्यौ र रिनै रिनको'
मेरो केही घर छैन आउने दिनको...' (पुरुष)
के दसैँ मानौं र रिनै रिनको
शून्य छ गामवेशी तिमी बिनाको...' (महिला)

खत्रीका दसैँ गीतबाहेक 'भरिया दाइ', 'कि लास चाहियो कि लास चाहियो' 'जम्मु काश्मिरमा'लगायत गीत पनि चर्चित छन् । बागलुङको गलकोट नगरपालिका-७ मल्लमा जन्मिएका उनी सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद् नेपालको उपाध्यक्ष समेत हुन् ।

कमलमा ...

कर्मचारीलाई उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी र प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले स्वागत गरेका थिए ।

कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीको अध्यक्षता भएको थियो । समीक्षा कार्यक्रममा वडाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत शाक्य, कर्मचारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण प्रशासन शाखा प्रमुख सार्थक घिमिरेले गरेका थिए ।

कर्मचारीहरू ...

वन पैदावर किन्दा घाटा हुने गर्दछ । त्यसैले अहिलेसम्म पनि काठ घाटगद्दीमा नै रहेको र बिक्री वितरण हुन नसकेकाले कर्मचारीहरुले तलब भत्ता पाउन सकेका छैनन् ।

यसै विषयमा २०५२ सालदेखि वन संरक्षकको रुपमा रहेका कृष्णप्रसाद पौडेल भन्छन्- हामी भनेको स्थानीय कर्मचारी हौं, हामीले त बिहान बेलुकीको गर्जो खेतीपाती गरेर पनि टार्न सक्छौं । तर, यस रतुवामाई वृक्षरोपण आयोजनामा टाढा-टाढाका कर्मचारीहरु काम गर्दछन्, उनीहरुको जीवनयापनमा ठूलो सकस आइपरेको छ । सम्बन्धित वन तथा वातावरण मन्त्रालयले आन्दोलनपछि खाइपाई आएको तलब भत्तामध्ये नपाएको एक वर्षको तलब भत्ता दिने सम्झौता भएको छ तर अहिलेसम्म पनि प्राप्त भएको छैन । यो दु:ख लाग्दो विषय हो ।

उता सागरनाथ वन विकास परियोजना सर्लाहीका कर्मचारी तथा आन्दोलन समितिका अध्यक्ष छत्र लामा भन्छन्- अहिले हामी प्रधानमन्त्रीको मुख ताकेर बसेका छौं, हामीले प्राप्त गर्ने तलब भत्ता मन्त्रीपरिषद्को बैठकबाट निर्णय गरेपछि मात्र प्राप्त गर्न सकिने भएकाले यथासक्य चाँडो कार्यान्वयनका लागि दबाव दिइरहेका छौं । अबको केही दिनभित्रमा हामीले तलब भत्ता प्राप्त नगरे आमरण अनशन बसेर आन्दोलनलाई चरणवद्ध रुपमा अगाडि बढाउने छौं ।

यस विषयमा रतुवामाई वृक्षरोपण आयोजनाका डिएफओ भक्तिप्रसाद गौतमसँग टेलिफोन सम्वाद गर्दा यो वनसँग सम्बन्धित सम्पूर्ण कर्मचारीहरुलाई ठूलो संकट आएको बताए । यो समस्या मन्त्रीपरिषद्को बैठकबाट मात्र समाधान हुने भएकोले दशैंसम्ममा तलबभत्ता प्राप्त गर्ने हामीले आशा गरेका छौं । कर्मचारीहरुले वन तथा वातावरण मन्त्रालयमा आन्दोलन गरेर सम्झौता भएको छ, त्यो सम्झौताको कार्यान्वयन नेपाल सरकारले गर्न जरुरी छ ।

सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षरोपण आयोजना नेपाल सरकारले कबुलियती वनको रुपमा सम्झौता गरेर कार्यान्वयन गरेको वन हो । यो वनले उत्पादन गरेको वन पैदावर बिक्री वितरण गरेर सरकारलाई कर बुझाएपछि बचेको रकमबाट कर्मचारीहरुलाई तलब भत्ता खुवाउँदै आएको छ । तर, सरकारले काठ बिक्री वितरण सम्बन्धी नयाँ फर्मुला लागू भएपछि काठ घाटगद्दी मै थन्किएपछि कर्मचारीहरुको तलबभत्ता पूर्ण रुपले रोकिन पुगेको हो । १५ महिनासम्म तलबभत्ता प्राप्त नहुँदा कर्मचारीहरु आन्दोलित भएपछि नेपाल सरकारले वैकल्पिक रुपमा कर्मचारीहरुले प्राप्त गर्ने तलब भत्ता प्राप्त गर्न मन्त्रीपरिषद्को बैठकबाट निर्णय गरेर भए पनि तलब भत्ता खुवाउनैपर्ने देखिन्छ किनभने सरकारले आजसम्म पनि आयोजनाबाट कर बुझिरहेको छ । त्यसैले कर्मचारी मजदुरहरुको पसिनाको मूल्य चुकाउनुपर्दछ । अन्यथा वन पैदावर बिक्री वितरणको फर्मुलालाई पुरानो अवस्थामा कायम गर्नुपर्छ ।

रतुवामाई वृक्षरोपण आयोजना झापाका केही गाउँपालिकाहरु समेटेर कार्यान्वयन भएको छ । जसको सीमाना पूर्वमा कन्काई नदी, पश्चिममा रतुवा खोला, उत्तरमा इलाम जिल्लाको माई नगरपालिका एवम् चुलाचुली गाउँपालिका र दक्षिणमा पूर्वपश्चिम मुख्य सडकखण्ड रहेको छ ।

एक ...

बस्नुपरेको छ । शिशु कक्षा, कक्षा २, ३, ४, ५ पूरै खाली रहेको विद्यालयका प्रधानाध्यापक शिवप्रसाद तिवारीले बताए ।

कुनै समय २५/३० जनासम्म एउटै कक्षामा विद्यार्थी थिए । पर्वतका सामुदायिक विद्यालय विद्यार्थीविहीन बन्दै गएका छन् । अवसरको खोजीमा गाउँबाट बसाई सर्ने क्रम बढेपछि विद्यालय खाली हुँदै गएका हुन् ।

नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

कमल गाउँपालिका-३, केर्खा, झापाको

२५ औं वार्षिक साधारणसभामा उपस्थितिको लागि सूचना

मितिः २०८०।०६।१२

यस नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.को मिति २०५०/०६/११ गतेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको २५औं वार्षिक साधारणसभा सम्पन्न गर्न ईकाईगत साधारणसभा गर्नुपर्ने भएकोले निम्न मिति, समय र स्थानमा सम्बन्धित सेवा केन्द्र अन्तरगतका सदस्यहरुलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचनालाई आधारमानी इकाइगत साधारणसभामा सहभागी भई साधारण सभाको प्रतिनिधित्व गरिदिनु हुन अनुरोध छ । साथै शेयर सदस्य महानुभावहरुलाई पायक पर्ने सेवा केन्द्रबाट वार्षिक प्रतिवेदन बुझिलिन र सुझाव पेश गर्नको लागि अनुरोध छ ।

इकाईगत साधारणसभाको मिति, समय र स्थान

क्र.सं.	सेवा केन्द्रहरु	मिति	समय
१	धुलावारी र बुधवारे	२०८०।०७।१३ गते सोमवार	११ बजे
२	बिर्तामोड र बनियानी	२०८०।०७।१४ गते मंगलवार	११ बजे
३	सुरुङ्गा र शिवगञ्ज	२०८०।०७।१५ गते बुधवार	११ बजे
४	मधुमल्ला र उर्लाबारी	२०८०।०७।१६ गते बिहीवार	११ बजे
५	दमक र ग्वालडुब्बा	२०८०।०७।१७ गते शुक्रवार	११ बजे
६	केर्खा कार्यालय	२०८०।०७।१९ गते आइतवार	११ बजे

अन्तिम (मुख्य) साधारण सभा (माईन्यूट प्रमाणीकरणका लागि)
मिति २०८० कात्तिक २४ गते शुक्रवार समय : बिहानको १० बजे ।
स्थान : श्री शहिद धर्म भक्त उच्च मा.वि. को सभाहल ।
नोट : कार्यक्रममा सहभागी हुँदा परिवहन खर्चको व्यवस्था गरिएको छ ।

शरणकुमार पराजुली
अध्यक्ष

नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

कमल गाउँपालिका-३, केर्खा, झापाको

कोटेशन आव्हान सम्बन्धी सूचना

मितिः २०८०।०६।१२

यस संस्थाको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन छपाईका लागी तपशिलको विवरणका परिमाणमा सामग्री छपाई र खरिद गर्नुपर्ने भएकोले के कति दर भाउमा कति दिनभित्रमा छपाई गरी दिन सकिन्छ प्रष्ट संग उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा संस्थाको मुख्य कार्यालय केर्खामा शिल वन्दी कोटेशन पेश गर्न प्रेस तथा छापाखाना वा सप्लायर्सहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कोटेशन पेश गर्दा व्यवसाय दर्ता प्रमाण-पत्र नवीकरणसहितको, भ्याट दर्ता भएको प्रमाण-पत्र र कर चुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपिहरुसहित पेश गर्नु पर्नेछ । म्याद नाघी आएका र रित नपुगेका कोटेशन उपर कुनै कारवाही हुने छैन । प्राप्त कोटेशनमध्ये छनौट गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार संस्थामा निहित हुनेछ । भुक्तानी दिँदा नियमानुसारको कर कट्टी गरी भुक्तानी दिइनेछ । नमूनाको लागि मूख्य कार्यालय केर्खामा सम्पर्क राख्न यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

तपसिल

१. प्रतिवेदन संख्या ६००० थान ।
२. पेपर साइजः २०X३० पेपरको ८ साइजमा ७० ग्रामको
३. बाहिरी कभर २५० ग्राम आर्ट बोर्डमा रंगिन हुनु पर्नेछ ।
४. भित्री पाना संख्या २५ र जम्मा ५० पेजको हुनु पर्नेछ ।

शरणकुमार पराजुली
अध्यक्ष

कर्मचारी आवश्यकता

झापाको भद्रपुरस्थित पिज्जा एण्ड बर्गर हाउसका लागि केही कर्मचारीहरु तु- आवश्यकता परेको हुँदा इच्छुकहरुले सम्पर्क गर्नुहोला ।

कुक- दुई जना (इन्डियन, चाइनिज परिकार र थकाली खाना बनाउने)
वेटर- दुई जना पुरुष/ दुई जना महिला
किचन हेल्पर- दुई जना डेलिभरी बोइ- दुई जना
बरिस्ता- दुई जना (स्थानीयलाई विशेष प्राथमिकता)

पिज्जा एण्ड बर्गर हाउस, भद्रपुर
सम्पर्क : ९८४६०४३५३१, ९८०७९०२९५१
नोट : (इलेक्ट्रोनिक्स पसलका लागि एक जना कर्मचारी समेत चाहिएको छ)

मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री रोशना गुरुङले निजको नाममा दर्ता रहेको सार्विक मेनपा-१० हाल मेचीनगर-६ स्थित वर्मेली टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ३००२ क्षेत्रफल ००-०१-०० जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिमतर्फका सँधियार श्री पुण्यधोज राई, शिव कार्की मिति २०८०/०६/१० मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि.नं.	जग्गाको विवरण	घरको विवरण	घर जग्गा धनीका सधियारहरु
१	सार्विक मेनपा-१०	लम्बाई १३.७१"	पूर्व श्री पुण्यधोज राई
	हाल मेनपा-६	चौडाई १०.६६"	पश्चिम श्री तितेश अग्रवाल
	कि.नं ३००२	उचाई ३.१७"	उत्तर श्री बाटो
	क्षेत्रफल ००-०१-००	क्षेत्रफल १२८.२६ वर्गमिटर	दक्षिण श्री शिव कार्की

हार्दिक बधाई तथा शुभकामना

जीवन खड्का

गोविन्द अधिकारी

बुद्धिसागर बजगाई

रोकश साह

विष्णु पौडेल

यज्ञराज कार्की

युवराज भट्टराई

लक्ष्मी पौडेल


याम विष्ट

धमेन्द्र दंगाल

सुमन कोइराला

विप्लप लिम्बू

रेवती भण्डारी

यस बिर्तामोड उद्योग वाणिज्य संघका कार्य समिति सदस्य **श्री जीवनकुमार खड्का** हालै सम्पन्न नेपाल औषधि व्यवसायी संघ झापा शाखाको अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

अर्जुनकुमार मैनालीः महासचिव **राजु न्यौपानेः** वरिष्ठ उपाध्यक्ष **प्रकाश शिवाकोटीः** अध्यक्ष

एवम् बिर्तामोड उद्योग वाणिज्य संघ परिवार, बिर्तामोड, झापा

SURYA PAINTS

Since 2006
"Quality Uncompromised"

" स्वदेशी मनको स्वदेशी रंग
गुणस्तरीय उत्पादन सुर्य पेन्ट्सको पहिचान "



#suryapaintsandchemical
@suryapaintsandchemical
suryapaintsnepal@gmail.com
www.spcsurya.com

Koshi Province Our Dealer List

Valuable Customer
Dealer Name: Bardan Enterprises & Traders
Address: Dharan-16, Sunsari
contact number:9848654249/9827081739
owner name: Sirjana Bohara Ji

Valuable Customer
Dealer Name: Kankai Traders
Address: Birtamod-5, Jhapa
Contact Number: 9842755405/9842759559
Owner Name: Bhupendra Baskota/Jay narayan chapagain Ji

Valuable Customer
Dealer Name : Manokamana Hardware Store
Address: Goldhap, Haldibari, Jhapa
Contact Number: 9825930553/9804901500
Owner Name: Sandesh sapkota/ Trilochan Sapkota JI

Valuable Customer
Dealer Name : Pathibhara Devi Trade Link
Address: Arjundhara-6,Jhapa
Contact Number: 9817903092/9842701635
Owner Name: Netra Prasad Bimali/Aditya Bimali Ji

Valuable Customer
Dealer Name : Purwanchal Trade and Suppliers
Address: Birtamode-5, Jhapa
Contact Number: 9804929426/9862684363
Owner Name: Santosh Shah /Samir Giri Ji

Valuable Customer
Dealer Name: Sarita Traders
Address: Urlabari-4, Koshi-Morang Contact Number: 9852042218
Owner Name: Sarita Ghimire Ji

Valuable Customer
Dealer Name: Timsina Suppliers
Address: Itahari-5, Sunsari
Contact Number: 9849190343/9852053011
Owner Name: Arjun Timsina/ Ramesh Prasad Timsina Ji

Valuable Customer
Dealer Name: Damak Almunium and Steel House
Address: Damak-1
Contact Number: 9808428648
Owner Name: Prakash Subba Ji

Valuable Customer
Dealer Name: Angel Traders
Address: Gramthan-5, Tetariya
Contact Number: 9816346390
Owner Name: Khagendra Kumar Biswash Ji

DEALER Requirement AT Biratnagar west:- duhabi, khanar, jhumka, inaruwa, chakraghatti, chatara, Biratnagar East:- Rangeli, Biratchok, belbari, letang, path- ari, itahara, Damak, Gauriganj, Dudhe, surunga, Bhadrapur, Buddhashanti, Fikkal, ilam, pachthar, taplejung, terathum, Dhankuta, Bhojpur

Contact Person:
Santosh Lamichhane - 9748277503
Subash Pokharel - 9851325395

Corporate Office:
Kupondole, Lalitpur
Tel No:-01-5422432

Toll Free No
1660-017-7575

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

जागरण राष्ट्रिय स्वार्थका लागि होस्

उद्यमशीलता र उत्पादनका माध्यमबाट समृद्धितर्फको लक्ष्यका साथ नेपाल कम्युष्टि पार्टी एकीकृत समाजवादीले आइतबारदेखि जागरण यात्रा शुरु गरेको छ । समाजवादी जागरण यात्रा नाम दिइएको सो यात्राको शुभारम्भ पार्टीका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले पूर्वी सीमान्त जिल्ला झापाको काँकरभिट्टाबाट गरेका थिए । असोज २५ गतेसम्म सञ्चालन हुने अभियानले कृषि उत्पादनका साथै आत्मनिर्भर अर्थतन्त्रको विकास गरी समाजवाद कार्यान्वयनमा सहयोग पुऱ्याउने बताइएको छ । जागरण यात्रा भनिएको अभियानले किसानलाई मल, बीऊ, पानी र उपकरण उपलब्ध गराउनुका साथै किसानद्वारा उत्पादित वस्तु खरिद तथा कृषि बचतको सुनिश्चितातालाई प्राथमिकतामा राखेको छ ।

शिक्षा, स्वास्थ्य र रोजगार लगायतका विषयलाई जनताको मौलिक अधिकारका रुपमा स्थापित गर्न, युवा जनशक्तिको पलायन रोकेर स्वेदशमै रोजगारीको अवसर प्रदान गर्न तथा युवावर्गलाई समाजवादी क्रान्तिका लागि तयार गरी समृद्ध नेपाल निर्माण गर्न अभियान केन्द्रीत रहने बताइएको छ । जनताको घरदैलोमा पुगेर उनीहरुको सुख-दु:खमा साथ दिने, सुशासन, विकास र रोजगारी जागरण यात्राको अभिप्राय रहने पार्टीले जनाएको छ । यात्राको क्रममा धार्मिक, सांस्कृतिक, सहिष्णुता कायम गर्दै न्यायपूर्ण समाजको निर्माण, सीमा रक्षा, राष्ट्रियताको सम्बर्द्धन र स्वाभिमानको रक्षा पनि यात्राको लक्ष्य बताइएको छ । महँगी नियन्त्रण, असमान सन्धि खारेजी जस्ता सर्वकालीक मागसहित शुरु भएको जागरण यात्राले पार्टीलाई आमजनता माझ लैजाने उसको रणनीति रहेको हुनसक्छ ।

देशमा राजनीतिक परिवर्तन आएको झण्डै दुई दशक भइसकेको छ । परम्परागत प्रणालीलाई विस्थापन गरी ल्याइएको गणतन्त्रले अहिलेसम्ममा आमजनताको जीविकामा परिवर्तनको संकेत गरेको छैन । देशको अर्थव्यवस्था ओरालो यात्रामा छ । राजनीति अस्थिरतातर्फ उन्मुख छ, भ्रष्टाचारले जरा गाडेको छ । व्यक्ति एवम् दलगत स्वार्थले राज्य सत्ता बन्ने र भत्किने उपक्रममै रुमलिएको छ । महँगीले आकाश छोएको छ, कालोबजारी मौलाएको छ । कोरोनाले सृजना गरेको आर्थिक मन्दीले उद्योगधन्दा, बन्दव्यापार र आर्थिक गतिविधि ठप्प जस्तै भएको छ । यस्तोमा नेकपा एसको जागरण यात्रा विद्यमान बेथिति, विकृति र विसंगतिका बिरुद्ध र जनजीवीकाको सवालमा सहायक हुन सक्यो भने सकारात्मक होला । यदि सत्ता र दलीय स्वार्थकै पृष्ठपोषक भयो भने जागरण यात्रा निरर्थक हुने पक्का छ ।

समतामूलक समाजको संकल्प

प्रकाश पन्थ

विद्यमान सबै प्रकारका विभेदको अन्त्य र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प नेपालको संविधानमा गरिएको छ । समानता र सामाजिक न्यायको हक लगायत विभिन्न नागरिक, राजनीतिक, आर्थिक, सांस्कृतिक अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायका विपन्न नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने सकारात्मक विभेदको व्यवस्था समेत मौलिक हकमा रहेका छन् । सामाजिक न्याय एक निष्पक्ष र समतामूलक समाज निर्माण गर्ने अवधारणा हो । जहाँ सबै व्यक्तिको पृष्ठभूमि, पहिचान वा परिस्थिति जस्तोसुकै भए पनि अवसर, स्रोत र अधिकारमा समान पहुँच हुन्छ । यसले शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय, तथा समाजका विभिन्न पक्षमा विद्यमान प्रणालीगत असमानता, भेदभाव र अन्यायलाई सम्बोधन गर्न खोज्दछ । समानता, समावेशिता, विविधताको सम्बोधन, निष्पक्षता, मानव अधिकार, पुनर्वितरण, वकालत जस्ता कुराहरू सामाजिक न्यायका आधारभूत मान्यता हुन् ।

लैङ्गिक समानताले महिला र पुरुषबीच हुने भेदभाव हटाउन र समाजका सबै पक्षमा स्रोत, अवसर र सहभागितामा दुवैको समान पहुँचको सुनिश्चितता गर्न महत गर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणा लगायत विभिन्न अन्तर्राष्ट्रिय सम्झौता र कानूनमा समेत लैङ्गिक समानताका प्रावधान निहित छन् । समान पारिश्रमिक, शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच, आर्थिक सशक्तिकरण, राजनीतिक सहभागिता, प्रजनन अधिकार, लैङ्गिक हिंसा उन्मूलन, कानूनी सुरक्षा लगायत लैङ्गिक समानताका आधारभूत सिद्धान्तहरू हुन् । यसले आर्थिक वृद्धि, सुधारिएको स्वास्थ्य परिणाम र ठूलो सामाजिक एकताको नेतृत्व गर्न सक्छ । लैङ्गिक पूर्वाग्रहपूर्ण मानसिकता भएका सरकार, नागरिक समाज, व्यवसाय र व्यक्तिमा निहित लैङ्गिक पूर्वाग्रहले लैङ्गिक समानतालाई चुनौति दिइरहेको छ । समानता, निष्पक्षता, समावेशिता, स्रोतमा पहुँच, प्रतिनिधित्व, कानूनी संरक्षण, वकालत र सक्रियता, शिक्षा र चेतनालाई सामाजिक न्याय र लैङ्गिक समानताका प्रमुख पक्षका रूपमा लिइन्छ । सामाजिक न्याय र लैङ्गिक समानता प्राप्त गर्नु एक निरन्तर र जटिल प्रक्रिया हो । असमानता र भेदभाव कायम राख्ने प्रणाली र संरचनाहरू अझै पनि चुनौतिका रूपमा खडा भइरहेका छन् ।

सामाजिक न्याय र दिगो विकास लक्ष्यहरू अन्तरसम्बन्धित अवधारणा हुन् । जसले विश्वव्यापी चुनौतिहरूलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । यी लक्ष्यहरू गरिबीको अन्त्य, पृथ्वीको रक्षा गर्न र सन् २०३० सम्ममा सबैका लागि समृद्धि सुनिश्चित गर्नको लागि विश्वव्यापी आह्वानका रूपमा डिजाइन गरिएको हो । यी लक्ष्यहरू प्राप्त गर्न विभिन्न सामाजिक अन्याय, असमानतालाई सम्बोधन गर्न आवश्यक छ । असमानता घटाउने, गरिबी उन्मूलन, लैङ्गिक समानता, गुणस्तरीय शिक्षा, राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर, शान्ति, न्याय र बलियो संस्थाहरू, जलवायु अनुकूलन, साझेदारीलगायतका लक्ष्यहरू सामाजिक न्यायसँग सम्बन्धित छन् ।

संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यमध्ये पाँचौं लक्ष्य लैङ्गिक समानता हासिल गर्नु हो र सबै महिला, किशोरी तथा बालिकालाई सशक्तिकरण गर्नु हो । लैङ्गिक समानता एक्लै खडा भएको लक्ष्य मात्र होइन, यो दिगो विकासका सबै लक्ष्यको उपलब्धिको अभिन्न अङ्ग हो । महिला र बालिकाहरू प्रायः शिक्षा, रोजगारी र स्रोतहरूमा पहुँचमा भेदभावका कारण उच्च स्तरको गरिबीको सामना गरिरहेका छन् । महिलाहरूको स्रोत, अवसर र पौष्टिक खानामा समान पहुँच सुनिश्चित गर्न कृषि र खाद्य प्रणालीमा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्नु आवश्यक छ । लैङ्गिक समानता हासिल गर्नु भनेको स्वास्थ्य सेवामा महिलाको पहुँच सुधार गर्न, मातृ मृत्युदर घटाउन र स्वास्थ्य समस्याको सम्बोधनसँग जोडिएको छ । शिक्षामा लैङ्गिक समानता भनेको बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्नु र पाठ्यक्रमबाट रूढीवादी धारणा हटाउनु हो । महिला र बालिकाहरूको सफा पानी र सरसफाई सुविधाहरूमा पहुँच सुनिश्चित गर्न लैङ्गिक विचार महत्त्वपूर्ण छन् । समान कामका लागि समान पारिश्रमिक प्रवर्द्धन र कार्यस्थलमा हुने भेदभावलाई सम्बोधन लैङ्गिक समानताका प्रमुख पक्षहरू हुन् । लैङ्गिक असमानता असमानताका अन्य रूपसँग मिल्छन् । महिला र बालिका सशक्तिकरणले समाजमा रहेको समग्र असमानतालाई कम गर्न योगदान पुऱ्याउन सक्छ ।

जलवायु परिवर्तनको सामना गर्दा महिलाले प्रायः असमान बोझ बहन गर्छन् । लैङ्गिक समानता र वातावरणीय दिगोपन दुबै लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी जलवायु नीतिहरू आवश्यक पर्दछ । लैङ्गिक हिंसा र भेदभाव शान्ति र न्यायका बाधा हुन् । लक्ष्य १६ लैङ्गिक हिंसाबिरुद्ध लड्न र निर्णय प्रक्रियामा महिला सहभागिता प्रवर्धन गर्ने प्रयाससँग नजिकको सम्बन्ध छ । लैङ्गिक समानता हासिल गर्न सरकार, नागरिक समाज र निजी क्षेत्रबीचको साझेदारीको साथै विकास कार्यक्रम र नीतिमा लैङ्गिक विचारहरूको एकीकरण आवश्यक हुन्छ । लैङ्गिक समानता एक लक्ष्य मात्र होइन, तर अन्य सबै दिगो विकास लक्ष्यहरूलाई प्रभाव पार्ने र प्रभावित हुने क्रस कटिङ मुद्दा हो । लैङ्गिक समानताको प्रवर्द्धन दिगो विकास हासिल गर्न, असमानता घटाउन र समतामूलक संसारको खोजीमा कोही पनि पछि नछोड्ने सुनिश्चित गर्न महत्त्वपूर्ण छ । दिगो विकास लक्ष्यहरूले यी अन्तरसम्बन्धित चुनौतिलाई सम्बोधन गर्न र लैङ्गिक समानतालाई दिगो विकासको अत्यावश्यक अङ्गको रूपमा अगाडि बढाउनका लागि एक रूपरेखा प्रदान गर्दछ ।



दिगो विकास लक्ष्य पाँचलाई अगाडि बढाउने प्रयासमा महिला अधिकारको वकालत गर्ने, महिला र बालिकाहरूको शिक्षा र स्वास्थ्य सेवामा पहुँच सुधार, लैङ्गिक हिंसालाई सम्बोधन, महिलाको आर्थिक सशक्तिकरणलाई प्रवर्द्धन गर्ने र लैङ्गिक भेदभाव, असमानताका बाहक सांस्कृतिक मान्यता र दृष्टिकोणलाई परिवर्तन गर्ने विषय समावेश छन् । उत्तरदायित्व सुनिश्चित गर्न र विश्वव्यापी लैङ्गिक समानताका उपायहरूको कार्यान्वयन ट्र्याक गर्न विश्वव्यापी रूपमा अनुगमन र रिपोर्ट गर्ने गरिएको छ ।

नेपालले पनि दिगो विकासको लक्ष्य कार्यान्वयन गर्ने सन्दर्भमा लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउन विभिन्न परिणात्मक लक्ष्यहरू लिएको छ । राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको सबै निर्णय तहमा महिलाहरूको पूर्ण सहभागिता र समान अवसरको सुनिश्चितता गर्ने, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रोग्राम अफ एक्सन र वेइजिङ प्लेटफर्म फर एक्सन तथा तिनीहरूको समीक्षा सम्बन्धी सम्मेलनका घोषणा अनुसार महिलाहरूको प्रजनन अधिकारहरूमा पहुँच सुनिश्चितता गर्ने समेत लक्ष्य छ ।

राष्ट्रिय कानूनमा महिलालाई आर्थिक साधन र सम्पत्तिमा समान अधिकार प्रदान गर्नुका साथै वित्तीय सेवा, पैतृक र प्राकृतिक स्रोतसाधनहरूमा पहुँच प्रदान गर्न आवश्यक सुधार गर्ने, महिला सशक्तिकरणलाई टेवा पुऱ्याउने प्रविधिलाई विशेषतः सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिने कुरामा यसमा गरिएको छ । लैङ्गिक असमानता, महिला हिंसा, मानव बेचबिखन, बालविवाह घटाउने र सार्वजनिक जीवनमा समान अवसर बढाउन विभिन्न सूचक पनि तय गरिएका छन् ।

दिगो विकास लक्ष्य कार्यान्वयनको सात वर्ष पूरा गरेको अवस्थामा केही प्रारम्भिक मध्यावधी मूल्याङ्कनहरूले करिब १२ प्रतिशतको हाराहारीमा मात्र लक्ष्य हासिल भएको जनाएका छन् । यही गतिले बाँकी सात वर्षमा, सन् २०३० सम्ममा ५९ देखि ६० प्रतिशतका हाराहारीमा मात्रै लक्ष्य हासिल हुने प्रक्षेपण छ । यसलाई आधार मान्ने हो भने अझै पनि करिब ४० प्रतिशत लक्ष्य हासिल नहुने देखिन्छ । एकातर्फ दिगो विकास लक्ष्य कार्यान्वयनमा कसैलाई पनि पछाडि नछाड्ने भनिएको छ भने अर्कोतर्फ ४० प्रतिशत लक्ष्य हासिल नहुने प्रक्षेपण आइसकेको छ । यदि यस्तै हो भने महिला, दलित, अपाङ्गता भएका व्यक्ति लगायत विभिन्न वर्ग, क्षेत्र, समुदायका मानिसहरू फेरि पछाडि नै पर्ने देखिन्छ । मुलुकका जुनसुकै योजना र संसारका कुनै पनि लक्ष्यले पछाडि परेको वर्ग, क्षेत्र, लिङ्ग, समुदायका मानिसलाई सधैंभरि पछाडिको पछाडि छोड्ने प्रवृत्ति यस पटक पनि विद्यमान छ ।

नेपालको सन्दर्भमा १६औं पञ्चवर्षीय योजनालाई दिगो विकास लक्ष्य कार्यान्वयनलाई तीव्रता दिने योजनाका रूपमा लिइएको छ । यस योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ । यसका लागि सबै तहका सरकार जिम्मेवार र जवाफदेही हुन आवश्यक छ । निजी क्षेत्र, नागरिक समाज, अभियान्ता र राजनीतिक दलहरूले दिगो विकासप्रति अपनत्व र चासो बढाउनुपर्ने देखिन्छ । दिगो विकासका कार्यान्वयनका उपायहरू र साधनहरूलाई सुदृढ गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारीलाई जीवन्त बनाउनु पर्ने चुनौतिहरू हाम्रासामु खडा छन् । निजी क्षेत्रलाई आकर्षण गर्न लगानीको सुरक्षा र वातावरण अविलम्ब तयार गर्नुपर्नेछ । यी सबै कार्यका लागि सुशासन पहिलो सर्त हो । सरकार, निजी क्षेत्र लगायत सरोकारवालाको सक्रियता वृद्धि हुन सके १६औं पञ्चवर्षीय योजनाले दिगो विकास लक्ष्य हासिल गर्नमा मुख्य भूमिका निर्वाह गर्न सक्छ । फलस्वरूप विकासमा कोही पछि पर्ने छैनन् । मुलुक सुशासन र सामाजिक न्यायसहितको समृद्ध र समुन्नत बन्नेछ । गोप

नेपालमा कति पानी पर्छ ?

गोविन्द शर्मा पोखरेल

नेपालका विभिन्न स्थानहरुमा कति पानी पर्छ भन्ने आधिकारिक तथ्यांक सम्बन्धित निकायले प्रकाशित गरेका दस्तावेजहरुमा पाइन्छ नै तर नेपालमा सालाखाला कति पानी पर्छ भन्नेबारे विभिन्न स्रोत सामग्रीहरुमा फरक-फरक आँकडा पाइने कुरा सार्वजनिक नै छ । धेरै त्यस्ता सामग्रीहरुमा वार्षिक सालाखाला १,५०० मिलिमिटरको छेउछाउका संख्याहरु प्रशस्तै पाइन्छन् । त्यस्तै, नेपालमा सालाखाला वार्षिक दुई सय २५ अर्ब घनमिटर पानी उपलब्ध छ भन्ने लेखहरु पनि प्रशस्तै प्रकाशित भएका पाइन्छन् ।

वास्तवमा वर्षा मापन यन्त्रहरुले स्थान विशेषरुपमा वर्षाको मापन गरिरहेका हुन्छन् । तर, विभिन्न कारणले गर्दा प्रकाशित सामग्रीहरुमा ती मापन गरिएका तथ्यांकहरुको विश्लेषणबाट प्राप्त निष्कर्षहरुमा सामञ्जस्यता नभएको पाइन्छ । त्यसैले, यसरी मापन गरिएका तथ्यांकहरु मध्ये नेपालका नदीहरुमा मापन गरिएका तथ्यांकका आधारमा गरिएको विश्लेषण र सोबाट निष्कर्ष निकाल्ने प्रयास यहाँ प्रस्तुत गरिएको छ ।

नेपालमा जम्मा चार प्रकारका पानीका श्रोतहरु छन्- आकाशबाट परेको पानी, मूलहरुको पानी, हिउँ पग्लेर (हिमालबाट) आउने पानी र चीनबाट बगेर आउने पानी । चीनबाट बगेर आउने पानी सजिलैसँग मापन गर्न सकिन्छ अथवा यस लेखकले समेतले गरेको अध्ययनले सो पानीको मात्रा वार्षिक सालाखाला १०.८२ अर्ब घनमिटर भएको अनुमान गरिएको छ । पानीका मूलहरुबाट निस्कने पानी जतिसुकै भए पनि नेपालका सबैजसो पानीका मूलहरु आकाशबाट पर्ने पानीबाट नै पुनर्भरण हुने भएकाले यस परिमाणको पानीलाई पनि आकाशबाट पर्ने पानी अन्तर्गत नै राख्न उचित देखिन्छ ।

हिउँ पग्लेर (हिमालबाट) आउने पानी मध्ये केही पानी हिमनदीहरुको बरफ पग्लेर आउने र केही पानी मौसमी हिउँ पग्लेर आउने हुनाले मौसमी हिउँ पग्लेर आउने पानीलाई मात्र आकाशबाट पर्ने पानीको श्रेणीमा राख्न उचित देखिन्छ । तर, हिमनदीहरुको बरफ पग्लेर आउने पानीको मात्रा केही हदसम्म अनुमान गर्न सकिए पनि मौसमी हिउँ पग्लेर आउने पानीको परिमाण अनुमान गर्न विल्कुलै सहज छैन । यसरी हिमनदीहरुको बरफ पग्लेर आउने पानीको सालबसाली परिमाण २.१२ अर्ब घनमिटर भएको अनुमान गरिएको छ ।

त्यसैले, नेपालका नदीहरुमा नदीहरुको प्रवाह मापन गर्न जडान गरिएका उपकरणहरुद्वारा मापन गरिएको परिमाण र नेपालको तराईमा सालबसाली रुपमा आकाशबाट पर्ने पानीको परिमाणमा माथि उल्लेखित पानीको परिमाण घटाउँदा नेपालभित्र पर्ने पानीको मोटामोटी परिमाण अनुमान गर्न सकिन्छ । यस्ता पानी मापन गर्ने उपकरणहरु नेपालको तराई क्षेत्रमा अथवा नदीहरु पहाडबाट तराई क्षेत्रमा निस्कने स्थानमा जडान गरिएकाले सो उपकरणहरुमा मापन गरिएको पानीको परिमाणले उक्त मापन केन्द्रको जलग्रहण क्षेत्रको प्रतिनिधित्व गर्ने अनुमान गरिन्छ ।

यस आलेखकर्ता समेतले गरेको अध्ययनले नेपालका प्रमुख तीन नदीहरु तथा दोस्रो श्रेणीका नदीहरु जस्तै कन्काई, कमला, बागमती, पश्चिम राप्ती र बबईको कूल जलग्रहण क्षेत्र १११,९९५ वर्ग किलोमिटर तथा सो नदीहरुमा सालबसाली रुपमा बग्ने पानीको परिमाण १४१.३५ अर्ब घनमिटर भएको अनुमान गरिएको छ । माथि उल्लिखित जलग्रहण क्षेत्रमा महाकाली नदी, माथि उल्लेखित नदीहरुमा समाहित नहुने अन्य स-साना नदीहरु र तराईको जलग्रहण क्षेत्र गरी जम्मा ३५,४९३ वर्ग किलोमिटर नेपालको जमिन समावेश नभएकाले सो क्षेत्रको छुट्टै हिसाब गर्न जरुरी हुन्छ ।

महाकाली नदीको कुरा गर्दा यो नदी समुच्चै रुपमा नेपालको नदी भए पनि यस नदीको पश्चिमपट्टिको भूभाग भारतमा पर्दछ । त्यसैले यस नदीमा भारत तर्फबाट समाहित हुने नदीमा बग्ने पानीलाई महाकाली नदीमा सालबसाली रुपमा बग्ने पानीमा घटाएर अथवा महाकाली नदीमा बग्ने सम्पूर्ण पानीलाई जलग्रहण क्षेत्रको आधारमा समानुपातिक रुपमा भारत र नेपालका बीच भाग लगाई अनुमान गर्न सकिन्छ । महाकाली नदीमा वार्षिक सालाखाला बग्ने २३.०२ अर्ब घनमिटर पानीलाई सो नदीको कूल जलग्रहण क्षेत्र १४,८७१ वर्ग किलोमिटर र नेपालभित्रको जलग्रहण क्षेत्र ६,४५६ वर्ग किलोमिटर भएका आधारमा गणना गर्दा नेपालका नदीहरुबाट महाकाली नदीमा समाहित हुने पानीको वार्षिक परिमाण ९.९९ अर्ब घनमिटर हुन आउँछ ।

नेपालको बाँकी क्षेत्रफल २९,०३७ वर्ग किलोमिटर मध्ये २१,१०० वर्ग किलोमिटर नेपाल तराईको क्षेत्रफल र बाँकी ७,९३७ वर्ग किलोमिटर क्षेत्र चुरे पहाड तथा महाभारत लेकका केही अंश पर्दछन् । यो क्षेत्रका विभिन्न स्थानहरुमा रहेका वर्षा मापनयन्त्रहरुले औसत सालाखाला वार्षिक १,८९९.६० मिलिमिटर बर्षा मापन गरेका आधारमा यस २९,०३७ वर्ग किलोमिटर क्षेत्रमा वार्षिक औसत सालाखाला ५५.१६ अर्ब घनमिटर पानी वर्षाबाट प्राप्त हुन्छ । तर, यो परिमाणको पानीमध्ये अन्दाजी करिब ४० प्रतिशत पानी वाष्पीकरण र माटोको चिस्यान बढाउनेमा खर्च हुन्छ भने करिब ८.८ अर्ब घनमिटर पानी भूमिगत जलको पुनर्भरणमा खर्च हुन्छ । त्यसैले, माथि उल्लेखित तराइसहितको सो क्षेत्रमा करिब २४.३० अर्ब घनमिटर वार्षिक रुपमा जमिनको सतहमा बग्दछ ।

यसरी नेपालको जमिनबाट भारत प्रवेश गर्ने स्थानमा वार्षिक सालाखाला १७५.६५ अर्ब घनमिटर तथा ६.८६ अर्ब घनमिटर भूमिगत पानी गरी जम्मा १८२.५१ अर्ब घनमिटर वर्षाबाट प्राप्त हुने पानी भारत प्रवेश गर्दछ । तर, यस्तो पानी वर्षाबाट जमिनमा खस्ने बित्तिकै यसको केही अंश वाष्पीकरण हुने, केही अंश जमिनको चिस्यान बढाउने कार्यमा खर्च हुने, केही अंश भूमिगत जलभण्डारको पुनर्भरणमा खर्च हुने तथा केही अंश सिँचाई तथा अन्य कार्यमा खर्च हुने भएकाले सो सबैको मोटामोटी हिसाब गर्दा नेपालमा वर्षाबाट प्राप्त हुने पानीको कूल परिमाण वार्षिक करिब २९८.२१ अर्ब घनमिटर अथवा वार्षिक सालाखाला २,०२१.९५ मिलिमिटर हुन आउँछ । इकागज

(पोखरेल नेपाल पानी सदुपयोग फाउण्डेशनमा आवद्ध छन् ।)

बंगाली युवा क्लव रजत महोत्सव मनाउँदै

भद्रपुर, असोज १५। बंगाली युवा क्लव भद्रपुरले २५औं सार्वजनिक दुर्गा पूजा अर्थात् रजत महोत्सव मनाउन लागेको छ ।

आगामी कात्तिक ३ गते षष्ठी पूजादेखि कात्तिक ७ गते विजया दशमीका दिनसम्म मनाउने रजत महोत्सवको तयारीलाई तीव्रता दिएको छ ।

क्लवले यस वर्ष २५औं दुर्गा पूजा रजत महोत्सव भव्य रुपमा मनाउनका लागि निर्मल घोषको अध्यक्षतामा मूल समारोह समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा अरूप घोष, सचिवमा सागर मण्डल, सहसचिवमा राजा मण्डल र कोषाध्यक्षमा शुभम घोष रहेका छन् ।

त्यस्तै सदस्यहरूमा सञ्जय घोष, पार्थ मण्डल, तपन घोष, तापस घोष, सञ्जय आइच, मानस घोष, दीपक साफी, राजेश मण्डल, सञ्जय घोष (छोटु), सुरज सरकार, चेतन मण्डल, रहेका छन् । त्यस्तै प्रमित घोष, किरण साह, विजय साह, सपन घोष, जयन्त घोष, पंकजकुमार घोष, अनुप सरकार, रञ्जित मण्डल र बाप्पी मण्डल रहेका छन् ।

आयोजक समितिले बाँसको खुटी पूजा गर्दै पण्डाल र लाइटिङका काम शुरु गरिसकेको समितिका अध्यक्ष निर्मल घोषले जानकारी दिए । विगतमा भद्रपुर- ६ स्थित राधाकृष्ण मन्दिर परिसरमा मनाउँदै आएको दुर्गा पूजा यस पटक दुई स्थानमा मनाउने निर्णय भएको उनले बताए ।

'मन्दिर परिसरमा दुर्गा भगवानको विधिवत् रुपमा पूजा आराधना हुन्छ' -उनले भने- 'रजत महोत्सवको लागि मन्दिरदेखि उत्तरपट्टीको खाली जमिनमा भव्य पण्डाल बनाएर दुर्गाको मूर्ति राखिन्छ, जहाँ भक्तजनहरू दर्शनका लागि जान्छन् ।' समितिले गत वर्षको हिसाब फर्छ्यौट गर्दै ६८ हजार एक सय ७५ रुपैयाँ बचत राखेको छ ।

यस वर्ष पूजा सम्पन्न गर्न छ लाख रुपैयाँभन्दा बढी रकम चाहिने समितिका कोषाध्यक्ष शुभम घोषले जानकारी दिए । पूजा भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि भद्रपुर नगरपालिका, उद्योगी, व्यापारी, नागरिक समाज र समितिका सदस्यहरूबाट आर्थिक सहयोगको उपेक्षा गरिएको उनको भनाई छ । दुर्गा पूजा बंगाली समुदायको ठूलो चाडपर्व हो । त्यसैले यो समुदाय विगत २४ वर्षदेखि यसरी नै दुर्गा मनाउँदै आइरहेको समितिका उपाध्यक्ष अरूप घोषले बताए ।

युवा नागरिक समाजको नेतृत्व चयन

बिर्तामोड, असोज १५। युवा नागरिक समाजको अध्यक्षमा पुनः केशव भण्डारी चयन भएका छन् । ३१ सदस्यीय केन्द्रिय कार्यसमितिको अध्यक्षमा दोस्रो कार्यकालका लागि भण्डारी चयन भएका हुन् ।

बिर्तामोडस्थित जय ड्रिमल्यान्ड पार्कको सभाहलमा भएको पहिलो साधारणसभामा अध्यक्षमा भण्डारीसहित बरिष्ठ उपाध्यक्षमा डिल्लीराम सुब्बा, उपाध्यक्ष देव संग्रौला, सचिव चेतनाथ निरौला, कोषाध्यक्ष रामचन्द्र मैनालीसहित ३१ सदस्यीय कार्यसमिति निर्वाचन समितिद्वारा सर्वसम्मतले पारित गरेको छ । त्यसैगरी पहिलो साधारण सभाले संस्थाको केही विधानहरु पनि संशोधन गरेको छ ।

जसमा कार्यसमितिको कार्यकाल पाँच वर्ष रहने, अनुशासन समितिको काम, कर्तव्य र अधिकारहरु विधानमा थप साथै संस्थाको नाम युवा नागरिक समाज झापाको ठाउँमा युवा नागरिक समाज मात्र कायम हुने गरी विधान संशोधन भएको संस्थाका अध्यक्ष केशव भण्डारीले बताए । २०७९ साल असोज १४ गते स्थापना भएको संस्थाले प्रथम वर्ष पार गरेको छ ।

समाजका केन्द्रीय अध्यक्ष केशव भण्डारीको अध्ययक्षता तथा मेडिकल व्यवसायी दुर्गा प्रसाईको प्रमुख आतिथ्यमा समाजको प्रथम वार्षिकोत्सव सम्पन्न भएको हो । बिर्तामोडस्थित जय ड्रिमल्याण्ड पार्कमा भएको सभामा स्वागत युवा नागरिक समाजकी केन्द्रीय सदस्य कविता ओलीले गरेकी थिइन् ।

कार्यक्रममा शिक्षासेवी जयनारायण ढुङ्गाना, सामाजिक अधियन्ता शेरबहादुर थापा, ईलाका प्रहरी कार्यलय अनारमनीका प्रहरी नायव उपरीक्षक सुरज कार्की, डा. लक्ष्मीप्रसाद मैनाली लगायतको आतिथ्य राखेका थियो । 'युवाहरुको चाहना, सुशासनयुक्त नगरको परिकल्पना' भन्ने मूल नाराका साथ गठन भएको समाजले एक बर्षको अवधिमा गरेको सुधार कार्यक्रसहितको प्रतिवेदन अध्यक्ष भण्डारीले प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदन अनुसार झापाका सबै पालिकामा खबरदारी गर्ने उद्देश्यले पालिका स्तरीय कमिटीहरु निर्माण भइरेका छन् । झापाको मेचीनगर, भद्रपुर, बिर्तामोड, अर्जुनधारा, बाह्रदशी, गौरीगञ्जमा पालिका स्तरीय कमिटी गठन भइसहेको र अन्य पालिकाहरुमा पनि समाजको कमिटी गठन निर्माण हुने अन्तिम चरणमा रहेको प्रतिवेदनमा उल्लेख छ । समाजले पालिकामा गर्ने कुनै पनि गलत कार्यको खबरदारी गरेर सुधार गरिएको १० बुँदे विवरणहरु समेत कार्यक्रममा अध्यक्ष भण्डारीले प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन रेणु ओलीले गरेकी थिइन् ।

एनएमसीद्वारा ज्येष्ठ सदस्यलाई सम्मान

बिर्तामोड, असोज १५। अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसर पारेर नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले ज्येष्ठ सदस्यलाई नगदसहित सम्मान गरेको छ ।

सहकारीको विषयगत उपसमिति समुदायिक सरोकार समितिको आयोजनामा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसर पारेर संस्थाले झापा, मोरङ र इलाम जिल्लास्थित आफ्ना ५८ वटै सेवा केन्द्रहरुमा एकसाथ सात सय ८१ जना ज्येष्ठ शेयर सदस्यहरुलाई सम्मान गरेको हो ।

यसैबीच बिर्तामोड- १० स्थित एनएमसी सैनिकबजार सेवा केन्द्रले आफ्ना शेयर सदस्य चन्द्रमाया ढकाललाई नगद पाँच हजारसहित फूलमाला लगाएर सम्मान गरेको छ ।

संस्थामा आबद्ध बिर्तामोड -१० पत्थरभिट्टा निवासी ८६ वर्षीया ढकाललाई बिर्ता-अर्जुन क्षेत्रीय समन्वय उपसमिति सदस्य मनु सुनुवार मुखिया, सैनिकबजार सेवा केन्द्रगत उपसमिति संयोजक टीकाराम दंगाल, सदस्य रत्नबहादुर बस्नेत, सीतादेवी राई, सेवा केन्द्र प्रमुख सन्तोष ढुंगाना लगायतले फूलमाला र अबिर लगाएर सम्मान गरेका थिए ।

संस्थाको नियम अनुसार पाँच हजारभन्दा बढी शेयर रकम भएका सदस्यता प्राप्त गरेका पाँच वर्ष अवधि पूरा भएका ७० वर्ष उमेर पुगेका ज्येष्ठ सदस्यलाई संस्थाले नगद पाँच हजार तथा ८५ वर्ष माथिकालाई १० हजारसहित सम्मान गर्ने गरिएको सैनिक सेवा केन्द्र प्रमुख जानकारी दिए । संस्थामा हाल एक लाख ५५ हजारभन्दा बढी सदस्य रहेका छन् ।

सैनिकबजार सेवा केन्द्र उपसमिति संयोजक दंगालको अध्यक्षतामा भएको कार्यक्रममा एकाइ उपसमिति सदस्य रीता श्रेष्ठले स्वागत गरेकी थिइन् । मनु मुखिया, सीता राई, राजन ढकाल लगायतले बोलेको कार्यक्रमको सञ्चालन सेवा केन्द्र प्रमुख सन्तोष ढुंगानाले गरेका थिए ।

कोशीका स्काउटरलाई प्रशिक्षण

झापा, असोज १५। नेपाल स्काउट, कोशी प्रदेशको आयोजनामा १८८औं कब बिटिसी तथा १७८औं ब्राउन आउल पिटिसी स्काउट आधारभूत तालिम सम्पन्न भएको छ ।

तीन दिनसम्म सञ्चालन भएको तालिमको कोशी प्रदेशका सामाजिक विकास मन्त्रालयका सचिव बासुदेव दाहालले उद्घाटन गरेका थिए । कार्यक्रममा दाहालले स्काउटसँग सहकार्य गरेर अघि बढने प्रतिबद्धता व्यक्त गर्दै स्वयम्सेवी भूमिका वर्तमान सन्दर्भमा सार्थक रहेको बताए ।

कोशी प्रदेश अध्यक्ष रवि खनालको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल स्काउटका राष्ट्रिय प्रशिक्षक शिवकुमार पौडेल, उर्मिला सुब्बा, कोर्सलिडर अरुण बस्नेत, शिवानी देवान लगायतले बोलेको कार्यक्रममा स्वागत हेमन्त भण्डारीले गरेका थिए ।

कार्यक्रममा सन् २०३२ सम्ममा सात लाखको संख्यामा स्काउट सदस्य बनाउने लक्ष्य राखिएको बताइएको छ । कोशी क्षेत्रका विभिन्न जिल्लाबाट ४८ जना स्काउटर शिक्षकहरुको सहभागिता रहेको थियो । तालिमलाई शिवानी देवान र अरुण बस्नेत र नारायण श्रेष्ठले कोर्सलिडरको भूमिकामा प्रशिक्षण दिएका थिए ।

स्थापना दिवसमा विरामीलाई फलफूल

अर्जुनधारा, असोज १५। किरात राई पत्रकार संघ झापाले शनिश्चरे बजार स्थित शंकर अस्पतालमा १६औं स्थापना दिवस मनाएको छ ।

अस्पतालमा उपचाररत विरामीहरुको स्वास्थ्य लाभको कामनासहित फलफूल वितरण गर्दै संघले स्थापना दिवस मनाएको हो ।

संघका अध्यक्ष राजन साम्पाङको सभापतित्वमा भएको कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि सल्लाहकार दिपीन राई, अस्पतालका प्रमुख वशिष्ठ फिजिसियन डा. सन्तोषकुमार यादव, समाज कल्याण संघका युवराज नेपाल लगायतले विरामीहरुलाई फलफूल वितरण गरेका थिए ।

फलफूल वितरणपछि डा. यादवले अस्पतालमै आएर बिरामीहरुमा हौसला प्रदान गरी फलफूल वितरण गरेकोमा कृतज्ञता ज्ञापन गरे । उपाध्यक्ष रविकिरण राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सदस्य दीपसन राईले गरेका थिए ।

सीतारमेश बहुमुखी क्याम्पस
बुद्धशान्ति–१, झापा, कोशी प्रदेश

Letter of Intent Date: 2080 / 06 / 15

To: Pacific Construction
Bhadrapur, Ward No. 9, Jhapa
sunilshrestha2002@gmail.com

Subject : Issuance of letter of intent to award the contract

This is to notify you that, as per the decision of Tender Evaluation Sub-Committee dated on 2080-06-14, it is our intention to award the contract dated **2080-05-08** for execution of the **Contract Id. No.01-SRMC/WORKS/080/81, Classroom Building Construction of Sita-Ramesh Multiple Campus** to you as your bid price **NPR. 49,89,008.34 (In Words: Rupees FourtyNine Lakh EightyNine Thousand Eight Paise ThirtyFour Only with VAT and PS)** as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

CC:
1. D.R. Construction, Mechinagar-10, Jhapa
2. KanjhanjungaHimal Construction Pvt. Ltd., Hattigauda-8, Budhanilkantha
3. DeshantarNirmanSewa, Biratnagar-16, Morang

Campus Chief

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **असोज २० गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग



यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा– ४ झापा

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोटः आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०७०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्कनुहोस् ।
७ वार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५४३५३, ९८१४०३६३४४

सूचना तथा विज्ञापनका लागि

मेचीनगरको धुलाबारी क्षेत्रमा पूर्वाञ्चल दैनिक पत्रिका आवश्यक परे वार्षिक ग्राहक बन्नु परे वा कुनै पनि सूचना विज्ञापन गर्न परेमा ।

सुमन बस्नेत :
९८१६९४०६३०

ताप्लेजुङ - पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडुसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२,
९८०१३६४०९३

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले **Royal Enfield** को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : **निशान्त–**
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
तपाईलाई समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ, व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, आज सतर्क रहनुहोला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, तपाईको मन हर्षित रहला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।